नेपाल सरकार

शिक्षक सेवा आयोग

सानोठिमी¸भक्तपुर

**शिक्षक अध्यापन अनुमतिपत्र सम्बन्धी सूचना ।**

यस आयोगबाट मिति २०७६ आश्विन महिनामा लिईएको माध्यमिक तहको अध्यापन अनुमतिपत्रको परीक्षाको नतिजा प्रकाशन भैसकेको छ । परीक्षामा सफल उम्मेदवारहरुको लागि प्रमाणपत्र वितरण सम्बन्धी कार्य आयोगद्धारा छिट्टै हुदैछ । हाल कतिपय विद्यालयहरूले राहत तथा करारमा शिक्षक नियुक्ति गर्ने प्रयोजनको लागि सम्बन्धित उम्मेदवारहरुबाट अध्यापन अनुमति प्रमाणपत्र माग भैरहेको तर्फ आयोगको ध्यानाकर्षण भएको छ । यसर्थ सम्बन्धित शैक्षिक संस्था एवं निकायहरुले यस आयोगद्धारा प्रकाशन भएको (Website मा रहेको) नतिजासँग सम्बन्धित उम्मेदवारले पेश गरेको नागरिकता एवं प्रवेश पत्रको विवरणसँग भिडाई सफल उम्मेदवारको पहिचान गरी निजबाट कवुलियत कागज लिई नियमानुसार नियुक्ति सम्बन्धी कार्य अगाडि बढाउन अनुरोध गर्दै सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।